# आर्थिक वर्ष २०८०/८१ को प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>प्रस्तावना:</u> आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले,

मधेश प्रदेशको प्रदेश सभाले यो ऐन बनाएकोछ।

१. <u>संक्षिप्तनामरप्रारम्भ:</u> (१) यस ऐनको नाम "मधेश प्रदेश विनियोजन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन विक्रम सम्वत् २०८० साल साउन १ गते देखि प्रारम्भ हुनेछ।

२. <u>आर्थिक वर्ष २०८०/८१ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार:</u> आर्थिक वर्ष २०८०।८१ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम बाहेक अनुसूची- २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्चको समेत उल्लेख गरी

महल ७ मा उल्लिखित जम्मा रु.४४११४६३२०००।- (अक्षरेपी चौवालीस अर्व एघार करोड छयालीस लाख बत्तीस हजार रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. <u>विनियोजनः</u> (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।८१ को लागि अनुसूची- २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम का अनुसूची- २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढने गरी कुनै एक वा एक भन्दा बढी अनुदान बाट अर्को एक वा एकभन्दा बढी अनुदानमा रकम सार्न तथा निकासा र खर्च जनाउन, चालु तथा पूँजीगत खर्च र खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

तर,

(क) एउटै अनुदान संख्या भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र

वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(४) स्थानीय तहका लागि अनुदान संख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुदान संख्या ६०१ र ६०२ मा विनियोजन भएको रकम जुन अनुदान संख्यामा निकासा र खर्च हुनेहो सोही अनुदान संख्यामा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

(६) मधेश प्रदेश सरकारको तर्फबाट कुनै पनि विषयमा अदालतमा मुद्दा दायर गर्न वा परेको मुद्दाहरुको प्रतिवाद गर्न तथा न्याय निरुपण कार्यमा लाग्ने खर्च सम्बन्धित निकायको माग र

आवश्यकता तथा यथार्थ खर्चको विवरण बमोजिम अर्थ विविधबाट अर्थ मन्त्रालयले आर्थिक वर्षको शुरु देखिनै उपलब्ध गराउनेमा बाधा पर्ने छैन।

(७) एकमुष्ठ विनियोजन भएको रकम सम्बन्धित मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयले स्वीकृति गरेको कार्यक्रममा बाडफाँड गरिनेछ ।

(८) प्रदेश सभा र सचिवालयको लागि सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले स्वीकृत गरेको कार्यक्रम चालु आर्थिक वर्षको कार्यक्रममा समावेश गरिनेछ ।

४. <u>अन्तरसरकारीवित्तीयहस्तान्तरण:</u> (१) अनुदान संख्या ८०१ को रकम स्थानीय तहले प्रचलित कानून बमोजिम खर्च गर्न पाँउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) स्थानिय तहले वित्तिय हस्तान्तरण मार्फत मधेश प्रदेश सरकारबाट पाउने अनुदान बाट सञ्चालन हुने योजना तथा कार्यक्रम स्वीकृत गरी बजेटमा समावेश गरी सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकम मध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम मधेश प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा आर्थिक वर्षको त्रैमासिक रुपमा चार किस्तामा दाखिला गर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि मुलुकमा विपद्बा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व संकलन हुन नसकेमा मधेश प्रदेश सरकारले उपदफा (३) बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो वापतको रकम संकलित राजस्वको अनुपात अनुसार पुनःनिर्धारण गरी मधेश प्रदेश सरकारले निर्धारण गरेको समयमा मधेश प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा दाखिला गर्नेछ।

(५) उपदफा (३) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित मधेश प्रदेश लेखा

नियन्त्रक कार्यालय वा मधेश प्रदेश लेखा इकाई कार्यालयमा प्रत्येक आर्थिक वर्षको त्रैमासिक र वार्षिक आर्थिक विवरण अर्को वर्षको साउन मसान्त भित्र पेश गर्नु पर्नेछ।

(६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (५) बमोजिमको विवरण प्राप्त नभए सम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिने छैन।

(७) स्थानीय तहले वित्तीय समानीकरण अनुदान बाहेकका अन्य अनुदान बापतको खर्च भएको रकमको अर्धवार्षिक विवरण माघ पन्ध्र गते भित्र र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन पन्ध्र गते भित्र सम्बन्धित मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय वा मधेश प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्नु पर्नेछ।

(८) समानीकरण अनुदान बाहेक अन्य अनुदानको रकम असार मसान्त सम्म खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय

तहले मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय वा मधेश प्रदेश लेखा ईकाइ कार्यालय मार्फत साउन पन्ध्र गते भित्र प्रदेश सञ्चित कोष मा फिर्ता दाखिला गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम अनुदान रकम प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यति बराबरको रकम अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्ने छ।

(१०) मधेश प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम स्थानिय तहलाई अनुदान उपलब्ध गराइनेछ।

५. <u>योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐन बमोजिम मधेश प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा मधेश प्रदेश

सरकारको विषयगत मन्त्रालयले स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्नेछ।

(२) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम स्थानीय तहले मधेश प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा विषयगत मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयको स्वीकृति लिई सम्बन्धित स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम मधेश प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको निर्णयको जानकारी अर्थ मन्त्रालय, मधेश प्रदेश सरकारको विषयगत मन्त्रालय, मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम स्थानीय तहले कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा मधेश प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी मधेश प्रदेशको एकल खाता कोष प्रणालीमा स्थानीय तहको कार्यालयलाई प्रादेशिक निकायको रुपमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित मधेश प्रदेश कानून बमोजिमको रकम निकासा दिनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम मधेश प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वय नगर्ने निर्णय प्राप्त भएमा स्थानीय तहले मधेश प्रदेश निकायको नाममा सम्बन्धित मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय वा मधेश प्रदेश लेखा ईकाई कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनु पर्नेछ।

६. <u>लेखाङ्कन, प्रतिवेदन तथा लेखा परीक्षण सम्बन्धी व्यवस्थाः</u>(१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम

विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

(३) नेपाल सरकारबाट मधेश प्रदेश सरकारलाई वित्तिय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै योजना तथा कार्यक्रम प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्दा वैदेशिक सहायता सम्झौता बमोजिम नेपाल सरकारबाट निर्दिष्ट ढाँचामा खर्च गर्ने निकायले छुट्टै अभिलेख राखी निर्धारित समयमा सम्बन्धित मन्त्रालय, सोधभर्ना माग गर्ने निकाय, मधेश प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रतिवेदन पेश नभएको कारणबाट खर्च रकम सोधभर्ना हुन नसकेमा यसरी सोधभर्ना हुन नसकेको बराबरको रकम दफा४ को उपदफा (८) बमोजिम कट्टा गरी समायोजन गरिनेछ।

७. <u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः</u> (१) स्थानीय तहले आफुले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहाय बमोजिमको व्यवस्था समावेश हुने गरी बनाउँनु पर्नेछः-

(क) नेपाल सरकार तथा मधेश प्रदेश सरकारको आर्थिक र वित्तीय नीतिको अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) प्रदेश आर्थिक कार्य विधि ऐन, २०७४ तथा अन्य प्रचलित कानूनले निर्धारण गरे बमोजिमको आय-व्ययको वर्गीकरण, लेखाङ्कन तथा लेखा प्रणाली लागु गर्नु पर्ने।

८. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:</u>(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि विनियोजन भएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्ने

अख्तियारी यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय वा मधेश प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) मधेश प्रदेश सम्बन्धी प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि मधेश प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ। त्यस्तो कार्यक्रमको विनियोजित रकम प्राप्त गर्ने निकायको प्रमुखलाई खर्च गर्ने अख्तियारी प्राप्त भएको मानिनेछ।

(४) उपदफा (३) बमोजिम मधेश प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित

निकायले मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयको सहमति लिई संशोधन गर्न सक्नेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि मधेश प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक स्वीकृत बजेटमा फरक नपर्ने गरी मधेश प्रदेश सरकारको स्रोत तर्फ सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नेछ।

तर, प्रथम चौमासिक समाप्त नभए सम्म र बजेट विनियोजन नभएको खर्च शीर्षकमा रकमान्तर गर्न पाईने छैन।

(क) एकै बजेट उपशीर्षक भित्रको भइरहेको क्रियाकलापको परिमाणात्मक लक्ष्य थप घट गर्ने गरि कार्यक्रम संसोधन,

(ख) खण्ड (क) बमोजिम कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नु पर्ने भएमा स्रोत परिवर्तन नहुने गरी आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ को उपदफा (२) को अधिनमा रही थप हुने खर्च शीर्षकको सुरु विनियोजनको पच्चीस प्रतिशत सम्म,

(ग) एक भन्दा बढी निकायमा बाँडफाँड एकै बजेट उपशीर्षक अन्तरगतको एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नु पर्ने भएमा रकम घटाउने कार्यालयसँग सम्बन्धीत मधेश प्रदेश लेखा नियन्त्रक

कार्यालय वा मधेश प्रदेश लेखा इकाई कार्यालयको निकासा रोक्का राखेको पत्रको आधारमा क्रियाकलाप परिवर्तनन गरी तथा कुल परिमाणात्मक लक्ष्यमा नघट्ने गरी कार्यक्रम संशोधन।

(६) उपदफा (४) र (५) बमोजिम संशोधन वा रकमान्तर सम्बन्धित मन्त्रालय वा निकायको लेखा उत्तरदायी अधिकृतले मधेश प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणालीमा प्रविष्ट गराउनु पर्ने छ र सो को जानकारी मधेश प्रदेश सरकार अर्थ मन्त्रालय, महालेखा परीक्षकको कार्यालय र मधेश प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(७) रकमान्तर गर्दा तलब, पारिश्रमिक, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महशुल र घरभाडा जस्ता अनिवार्य दायित्व तथा

पूँजिगत खर्चको लागि विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न पाइने छैन।

(८) विनियोजन ऐनमा समावेश भएको प्रदेश स्रोत तर्फको कुनै रकम र सो रकमबाट संञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिक सम्म खर्च नभए वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र १५ गते भित्र अर्थ मन्त्रालयमा समर्पण गर्नु पर्नेछ।

९. <u>विशेष व्यवस्थाः</u> अन्यन्त्र जुन सुकै कुरा लेखिएको भए तापनि विगतका आर्थिक वर्षहरुमा कार्यसम्पन्न भई भुक्तानी दिन बाँकी रहेको योजना तथा कार्यक्रमहरुको हकमा कार्य सम्पन्नताको आधारमा भुक्तानी दिइनेछ ।

१०. <u>कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेः</u>(१) यस ऐनको कार्यान्वयन गर्न मधेश प्रदेश सरकारले आवश्यक कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड मधेश प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सम्बन्धमा अर्थ मन्त्रालयले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ।

११. आदेश जारी गर्न सक्नेः यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा मधेश प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ।

# अनुसूची - १

## दफा २ सँग सम्बन्धित

## (नेपालको संविधान बमोजिम)

## <u>प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम</u>

रु.हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदानसंख्यारउपशीर्षकसंकेतसंख्या | मन्त्रालय/निकायकोनाम | चालुतर्फ | पूँजीगततर्फ | वित्तीयव्यवस्था | कुलबजेट |
| १ | २०२ | प्रदेशसभा | १६०२९ | | | १६०२९ |
| २ | २१० | प्रदेशलोकसेवाआयोग | ९८६४ | | | ९८६४ |
| ३ | ५०२ | अर्थ-आन्तरिकऋणभुक्तानी | २००००० | | | २००००० |
| कुलजम्मा | | | २२५८९३ | | | २२५८९३ |

# अनुसूची -२

(दफा २ र ३ सँग सम्बन्धित)

## प्रदेश सञ्चित कोष बाट विनियोजन हुने रकम

रु.हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदानसंख्यार उपशीर्षकसंकेतसंख्या | शीर्षककोनाम | चालुतर्फ | पूँजीगततर्फ | वित्तीयव्यवस्था | कुलबजेट |
| १. | २०२ | प्रदेशसभा | ३५४२५३ | ४४००० | | ३९८२५३ |
| २. | २१० | प्रदेशलोक सेवाआयोग | ८८४३३ | २७९१९ | | ११६३५२ |
| ३. | २१३ | मुख्यन्यायाधिवक्ताको कार्यालय | ३२३८७ | ४४०० | | ३७०८७ |
| ४. | ३०१ | मुख्यमन्त्री तथामन्त्रिपरिषद्कोकार्यालय | ४४३५४५ | ९४३४२ | १५४३०० | ५४०८८७ |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदानसंख्यार उपशीर्षकसंकेतसंख्या | शीर्षककोनाम | चालुतर्फ | पूँजीगततर्फ | वित्तीयव्यवस्था | कुलबजेट |
| ५. | ३०५ | अर्थमन्त्रालय | ३०४७२२३ | ३१९३० | | ३३६६५२ |
| ६. | ३०७ | उद्योगवाणिज्य तथा पर्यटनमन्त्रालय | २६०५११ | १३८६२५५ | | १६४६७६६ |
| ७. | ३१२ | भूमिव्यवस्था,कृषितथासहकारी मन्त्रालय | १२९७५७२ | १३३०९५५ | १३०४०० | २६२८५२७ |
| ८. | ३१३ | ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय | १३९१९३६ | ४६००५२७ | १५८५४०० | ५९९२४६३ |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदानसंख्यार उपशीर्षकसंकेतसंख्या | शीर्षककोनाम | चालुतर्फ | पूँजीगततर्फ | वित्तीयव्यवस्था | कुलबजेट |
| ९. | ३१४ | गृहसञ्चारत थाकानून मन्त्रालय | १७१२२० | ४५७६७४ | | ६२८८९४ |
| १०. | ३२९ | वन तथा वातावरण मन्त्रालय | १०३३६२६ | ७९७१७६ | ४५४४०० | १८३०८०२ |
| ११. | ३३७ | भौतिकपूर्वा धारविकास मन्त्रालय | १०१०३१७ | १११८०५०१ | ९९३०३०० | १२१९०८१८ |
| १२. | ३५० | शिक्षा तथा सामाज कल्याण मन्त्रालय | १७९८५१८ | २०५०६०७ | ७६०६०० | ३८४९१२५ |
| १३. | ३७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ३९१०८१३ | १९६२६६५ | ११२८५०० | ५४७३४७८ |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदानसंख्यार उपशीर्षकसंकेतसंख्या | शीर्षककोनाम | चालुतर्फ | पूँजीगततर्फ | वित्तीयव्यवस्था | कुलबजेट |
| १४. | ३७१ | श्रम तथा यातायात मन्त्रालय | ७६२५१८ | २१८०६७ | ९३०० | ९८०५८५ |
| १५. | ३९१ | प्रदेशनीतितथायोजना आयोग | १००००० | १०००० | | ११०००० |
| १६ | ६०२ | अर्थमन्त्रालयविविध | ३७३५७४३ | १५००००० | | ५२३५७४३ |
| १७ | ८०१ | स्थानीयतह | १८९२३०४ | | | १८९२३०४ |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदानसंख्यार उपशीर्षकसंकेतसंख्या | शीर्षककोनाम | चालुतर्फ | पुँजीगततर्फ | वित्तीयव्यवस्था | कुलबजेट |
| कुलजम्मा | | | १८१९१७२१ | २५३९७०१८ | १३४५३५०० | ४३८८८७३९ |